Drop-in Service Hours / 偶到服務時間 / Jam Kerja di Tempat / ड्रप-ईन सेवा के घंटे / ड्रप-इन सेवाको समय / ਡ੍ਰੌਪ ਇਨ ਸਰਵਿਸ ਸਮਾਂ / Mga Oras ng Serbisyo sa Drop-in / เวลาทำการของเคาน์เตอร์ดร็อป-อิน / ڈراپ اِن کے کام کے اوقات

Telephone Interpretation Service Hotlines (TELIS) / 電話傳譯服務熱線 (TELIS) / Hotline Layanan Penerjemahan lewat Telepon (TELIS) / टेलीफोन व्याख्या सेवा हाटलाइन (TELIS) / टेलिफोन दोभाषे सेवा हटलाइनहरू (TELIS) / ਟੈਲੀਫ਼ੋਨ ਵਿਆਖਿਆ ਸੇਵਾ ਹਾੱਟਲਾਈਨ (TELIS) / Mga Hotline ng Serbisyong Interpretasyong Pantelepono (TELIS) / สายด่วนบริการล่ามทางโทรศัพท์ (TELIS) / (TELIS) ٹیلی فون پر زبانی ترجمہ کی سہولت کی ہاٹ لائنز

## CHEER Operation Hours

| Time/Day | Mon | Tue | Wed | Thu | Fri | Sat | Sun |
|---|---|---|---|---|---|---|---|
| 9:00am - 5:00pm | ☺ | ☺ | ☺ | ☺ | ☺ | ☺ | ☺ |
| 5:00pm - 9:00pm | ☺ | ☺ | ☺ | ☺ | ☺ | ☺ | ✕ |
| 8:00am - 10:00pm | ☎ | ☎ | ☎ | ☎ | ☎ | ☎ | ☎ |

*CHEER closes on public holidays. / 本中心於公眾假期休息。 / CHEER tutup pada hari libur umum. / CHEER सार्वजनिक छुट्टियों पर बंद रहेगा / सार्वजनिक बिदाहरूमा CHEER बन्द हुनेछ / ਜਨਤਕ ਛੁੱਟੀਆਂ ਵਿਚ CHEER ਬੰਦ ਰਹੇਗਾ / Ang CHEER ay sarado tuwing mga public holiday. / ศูนย์ CHEER ปิดทำการในวันหยุดราชการ / CHEER عام تعطیلات پر بند ہوگا

**Enquiry / 查詢 / Pertanyaan / पूछताछ / सोधपुछ / ਪੁੱਛ-ਪੜਤਾਲ / Pagtatanong / สอบถาม / انکوائری**

+852 3106 3104 | +852 3106 0454 | cheer@hkcs.org | www.hkcs.org

**Address / 地址 / Alamat / पता / ठेगाना / ਪਤਾ / ที่อยู่ / پتہ**

Unit 3, 6/F, Futura Plaza, 111-113 How Ming Street, Kwun Tong, Kowloon, Hong Kong
(Kwun Tong MTR Station Exit B3)
香港九龍觀塘巧明街111至113號富利廣場6樓3室 (觀塘港鐵B3出口)




This programme is sponsored by the Home Affairs Department
本計劃由民政事務總署資助
民政事務總署
Home Affairs Department

香港基督教服務處
HONG KONG CHRISTIAN SERVICE
全人關心 卓越創新
care for all excel in all

融匯 — 少數族裔人士支援服務中心
Centre for Harmony & Enhancement of Ethnic Minority Residents (CHEER)

# CENTRE for HARMONY and ENHANCEMENT of ETHNIC MINORITY RESIDENTS

# CHEER

## 融匯 — 少數族裔人士支援服務中心

Pusat untuk Etnik Minoritas
अल्पसंख्यक जातीयों के लिए केन्द्र
अल्पसंख्यक जातीयहरूको लागि केन्द्र
ਘੱਟ ਗਿਣਤੀ ਲੋਕਾਂ ਲਈ ਕੇਂਦਰ
Sentro para sa Etniko Minorya
ศูนย์ให้บริการชนกลุ่มน้อย
نسلی اقلیتوں کا مرکز




**Telephone Interpretation Service Hotlines (TELIS) / 電話傳譯服務熱線 (TELIS) / Hotline Layanan Penerjemahan lewat Telepon (TELIS) / टेलीफोन व्याख्या सेवा हाटलाइन (TELIS) / टेलिफोन दोभाषे सेवा हटलाइनहरू (TELIS) / ਟੈਲੀਫ਼ੋਨ ਵਿਆਖਿਆ ਸੇਵਾ ਹਾੱਟਲਾਈਨ (TELIS) / Mga Hotline ng Serbisyong Interpretasyong Pantelepono (TELIS) / สายด่วนบริการล่ามทางโทรศัพท์ (TELIS) / (TELIS) ٹیلی فون پر زبانی ترجمہ کی سہولت کی ہاٹ لائنز**

Bahasa Indonesia 印尼語
Tagalog 他加祿語
Thai 泰語
☎ 3755 6811

Hindi 印度語
Nepali 尼泊爾語
☎ 3755 6822

Punjabi 旁遮普語
Urdu 烏爾都語
☎ 3755 6833

Multi-Languages Information Website / 多國語言資訊網頁 / Situs Web Informasi dalam Berbagai Bahasa / बहु-भाषाओं में सूचना वेबसाइट / बहु-भाषाहरूमा जानकारी वेबसाइट / ਬਹੁ- ਭਾਸ਼ਾਈ ਜਾਣਕਾਰੀ ਵੈਬਸਾਈਟ / Websayt na naglalaman ng impormasyon sa iba't ibang wika / เว็บไซต์ข้อมูลหลายภาษา / مختلف زبانوں میں معلوماتی ویب سائٹ

**www.hkcscheer.net**

## सेवा लक्ष्यहरु:

दोभाषे सेवा र बहु-आयामिक कार्यक्रमहरुको माध्यमबाट, CHEER ले निम्नलिखित उद्देश्यहरुलाई प्राप्त गर्न चाहन्छ:

1. महत्वपूर्ण सार्वजनिक सेवाहरु र संसाधनहरुको बारेमा थाहा पाउनु र पहुँचको लागि अल्पसंख्यक जातीयहरुको सहायता गर्न।
2. चाइनीज र अंग्रेजीमा अल्पसंख्यक जातीयहरुको निपुणता बढाउनुको लागि।
3. समस्याको समाधान गर्न र हङकङमा अल्पसंख्यक जातीयहरुको समायोजनको क्षमता बढाउनुको लागि।
4. हङकङमा सामाजिक समावेश र एकीकरणलाई बढावा दिनुको लागि।

## सेवाको मुख्य लक्ष्य:

हङकङको सबै अल्पसंख्यक जातीयहरु

## मुख्य सेवाहरु:

### 1 दोभाषे र अनुवाद सेवाहरु

CHEER ले गैर-चाइनीज / गैर-अंग्रेजी बोल्ने अल्पसंख्यक जातीयहरु र महत्वपूर्ण सार्वजनिक सेवा प्रदान गर्ने संगठनहरुको लागि **अंग्रेजी, बहासा इन्डोनेशिया, हिन्दी, नेपाली, पंजाबी, तागालोग, थाई** र **उर्दूमा** दोभाषे र अनुवाद सेवाहरु प्रदान गर्दछ। हाम्रो सेवाहरुमा सम्मिलित छन्:

निःशुल्क



**टेलिफोन दोभाषे सेवा (TELIS)**

TELIS संचालन समयहरु:
सोमबार – आइतबार 8am – 10pm



**ठाँउमा (गएर गरिने) दोभाषे सेवा (EIS)**

EIS संचालन समयहरु:
सोमबार - शुक्रबार 10am - 6pm
शनिबार 10am - 2pm
EIS शुल्क: $60/घण्टा (संचालय समय भित्र)
$100/घण्टा (गैर-संचालन समय भित्र)

निःशुल्क



**पढेर-गरिने दोभाषे सेवा (OSIS)**

ड्रप-इन सेवाको समयभित्रमा अल्पसंख्यक जातीयहरुलाई OSIS उपलब्ध छ।



**अनुवाद सेवा (TS) / प्रूफरीडिङ सेवा (PS)**

TS शुल्क: $1.5 प्रति अंग्रेजी शब्दको कुनै 1 सम्बन्धित भाषामा गर्दा।
(न्यूनतम शुल्क $300)

PS शुल्क: $0.5 प्रति अल्पसंख्यक जातीय भाषाको प्रति शब्द
(न्यूनतम शुल्क $100)



**समकालिक दोभाषे सेवा (SIS)**

(कार्यशाला र गोष्ठीहरुको लागि)
SIS संचालन समयहरु:
सोमबार - शुक्रबार 10am - 6pm
शनिबार 10am - 2pm
SIS शुल्क: $150/घण्टा
(संचालय समय भित्र)

*टिप्पणी:*

1. *EIS, SIS, TS र PS मात्र सार्वजनिक सेवा प्रदायकबाट अनुरोध र भुक्तान भएमा प्रदान गरिनेछ।*
2. *अल्पसंख्यक जातीयहरु, जसलाई EIS को खांचो छ, कृपया तपाईको सेवा प्रदायकहरुलाई अनुरोध गर्नुहोस्।*
3. *सोमबार देखि आइतबार 10pm - 8am र सार्वजनिक बिदाहरुको बेलामा, उपयोगकर्ताहरुलाई अत्यन्त जरुरी मामिलाहरुको लागि TELIS र EIS को खांचो परेमा TELIS हटलाइनमा फोन गरे हुन्छ जसको उत्तर हाम्रो अंग्रेजी-बोल्ने कर्मचारीले सहायता गर्नुको लागि दिनेछ।*



### 2 भाषा कार्यक्रमहरु

CHEER ले **तीन स्तरहरुको भाषा प्रशिक्षण कार्यक्रमहरुको** आयोजना गरेको छ जसमा समावेश छन्:

| | आधारभूत | मध्यमवर्ती | उन्नत |
|---|---|---|---|
| चाइनीज पाठ्यक्रमहरु | आधारभूत कैन्टोनीज बोल्ने र सुन्ने सीपहरु। (30 घण्टा) | मध्यमवर्ती स्तरको कैन्टोनीज बोल्ने र सुन्ने सीपहरु, र साधारण चाइनीज शब्दहरु चिन्नु। (50 घण्टा) | उन्नत स्तरको कैन्टोनीज बोल्ने र सुन्ने सीपहरु, साधारण चाइनीज शब्दहरु र वाक्यहरु पढ्न र लेख्न सक्ने। (60 घण्टा) |
| अंग्रेजी पाठ्यक्रमहरु | आधारभूत अंग्रेजी सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपहरु। (30 घण्टा) | मध्यमवर्ती स्तरको अंग्रेजी सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपहरु। (30 घण्टा) | उन्नत स्तरको अंग्रेजी सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपहरु। (30 घण्टा) |

कक्षाकोठाहरुको सिकाई बाहेक, अल्पसंख्यक जातीयहरुको भाषा प्रवीणता बढाउनुको लागि अरु सहायता सेवाहरु पनि प्रदान गरिनेछ, जसमा समावेश छन्:

1. **मेन्टोर@होम योजना**
   (स्वयंसेवकहरुको सहायताबाट प्रदान गरिने घरमा-आधारित एउटाको-लागि-एउटा भाषा प्रशिक्षण कार्यक्रम)
2. **साथीहरूको सहयोगमा सिक्ने (PAL) क्लब**
   (साथीहरूको सहयोगमा भाषा कौशल सिक्ने र अभ्यास गर्ने प्लेटफर्म)

### 3 एकीकरण कार्यक्रमहरु

अल्पसंख्यक जातीयहरुलाई महत्वपूर्ण ज्ञान र सीपहरुसित सुसज्जित गर्नको लागि, र उनीहरु हङकङमा समावेश होस् ताकि उनीहरुको सामाजिक सञ्जाल सुदृढ बनाउनको लागि, बृहतरुपमा कार्यक्रमहरुको आयोजना गरिएको छ, जसमा समावेश छन्:

1. **प्राविधिक साक्षरता कार्यक्रम**
   (उपयोगकर्ताहरुको आधारभूत प्राविधिक ज्ञान बढाउनुको लागि कार्यक्रमहरु जुन उनीहरुलाई दैनिक जीवनमा, पेशामा र पढाईमा उपयोगी होस्)
2. **सामाजिक र सांस्कृतिक कार्यक्रम**
   (उपयोगकर्ताहरुको स्थानीय सांस्कृतिक, नीतिहरु र संसाधनहरुको ज्ञान बढाउनुको लागि कार्यक्रमहरु)
3. **विभिन्न-सांस्कृतिक गतिविधिहरु**
   (विभिन्न संस्कृतिहरुबाट आएका मानिसहरू बीच अन्तरक्रियालाई बढावा दिनको लागि कार्यक्रमहरु)
4. **स्वयंसेवी कार्यक्रम र समूह**
   (उपयोगकर्ताहरुलाई आफ्नो क्षमताको हेरविचार र समुदायको लागि योगदान गर्नको लागि प्रोत्साहित कार्यक्रम)
5. **विद्यालय-पछि सहायता कक्षाहरु**
   (प्राथमिक र निम्न माध्यमिक विद्यार्थीहरुलाई होमवर्क गर्नमा सहायता, र किन्डरगार्डन विद्यार्थीहरुलाई चाइनीज सीक्ने चासोमा अभिवृद्धि गर्ने कक्षाहरु)
6. **रोजगार सहायता सेवा**
   (कामको जानकारी र अन्तरवार्ता कौशल सम्बन्धी प्रशिक्षण प्रदान गर्न। रोजगार रिक्त पदहरुको जानकारीको लागि बहु-भाषाहरुमा जानकारी वेबसाइटमा उपलब्ध छ: www.hkcscheer.net)
7. **युवा इकाइ** (परामर्श हटलाइन: 5222 0554)

### 4 परामर्श, निर्देशन र सिफारिस सेवाहरु

हाम्रो दर्ता भएका सोसल वर्करले खांचो परेका उपयोगकर्ताहरुलाई हङकङमा सुविधासाथ समावेश गराउनुको लागि परामर्श, निर्देशन र सिफारिस सेवा प्रदान गर्नेछ। हामीहरु विशेषरुपमा नयां आएको अल्पसंख्यक जातीय बासिन्दाहरुको आवश्यक्ता प्रति चिन्तित छौं।

#### आवेदन र निकास सेवाहरु:

1. सबै अल्पसंख्यक जातीयहरुले हाम्रो सेवाहरुमा भर्ना लिन सक्छन्:
   - सहजरुपमा TELIS हटलाइनहरुमा फोन गर्नुहोस वा दोभाषे र अनुवाद सेवाहरु, परामर्श, निर्देशन र सिफारिस सेवाहरुको लागि हाम्रो केन्द्रको संचालन समय भित्र आउनुहोस्।
   - आवेदन फारमलाई सहजरुपमा भर्नुहोस् र हामीलाई डाकद्वारा वा स्वयं आएर भाषा र एकीकरण कार्यक्रमहरुको लागि बुझाउनुहोस्।
2. सेवा उपयोगकर्ताहरुले मौखिक रुपमा हाम्रो कर्मचारीलाई जानकारी गराएर हाम्रो सेवाबाट निष्काशन प्राप्त गर्न सक्छन्।

*शुल्क:* सेवाहरु अल्पसंख्यक जातीयहरुको लागि **निःशुल्क** हो।




NEPALI